# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ८ ] काठमाडौं आषाढ २० गते २०१५ साल [ अतिरिक्ताङ्क १


## कानून तथा संसदीय प्रबन्ध मन्त्रालय

जनप्रतिनिधित्व ऐन, २०१५ को दफा ३० र ७१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निर्वाचन आयोगको सल्लाह लिई बनाएको तल लेखिएबमोजिमको नियम सर्वसाधारण जनताको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## जनप्रतिनिधित्व नियमावली, २०१५

जनप्रतिनिधित्व ऐन, २०१५ को दफा ३० र ७१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निर्वाचन आयोगको सल्लाह लिई देहायका नियमहरु बनाएको छ :—

### भाग १

### मतदाताहरुको नामावली तयार गर्न

### परिच्छेद १

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>— (१) या नियमहरुको नाम "जनप्रतिनिधित्व नियमावली २०१५" रहेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन्।

२. परिभाषा:— विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरुमा –

(क) "ऐन" भन्नाले जनप्रतिनिधित्व ऐन, २०१५ सम्झनुपर्छ।

(ख) "फाराम" भन्नाले यो नियमावलीको अनुसूचिमा दिइएको फाराम सम्झनुपर्छ।

(ग) "नामावली" भन्नाले कुनै निर्वाचन क्षेत्रको मतदाताहरुको नामावली सम्झनुपर्छ।

(घ) "नामावली दोहर्‍याउने अफिसर" भन्नाले कुनै निर्वाचन क्षेत्रको मतदाताहरुको नामावली दोहर्‍याउने र यस सम्बन्धमा अरु तोकिएको काम गर्न अख्तियार पाएका अफिसरलाई सम्झनुपर्छ।

## परिच्छेद २

३. नामावलीमा दर्ता गरिने विषयहरु:— नामावलीमा निर्वाचन आयोगले तोकेबमोजिम मतदातासम्बन्धी बेहोराहरु दर्ता गरिनेछ।

४. नामावली तयार गर्ने:- (१) हरेक निर्वाचन क्षेत्रको निमित्त छुट्टा छुट्टै नामावली तयार गरिनेछ।

(२) ऐनको दफा ७ मुताबिक अयोग्यता नभएको कुनै पनि व्यक्तिले आफ्नो नाम आफू बसेको निर्वाचन क्षेत्रको नामावलीमा दर्ता गराउन पाउनेछ।

(३) कुनै व्यक्तिले पनि एकभन्दा बढी निर्वाचन क्षेत्रको नामावलीमा आफ्नो नाम दर्ता गराउन पाउनेछैन।

(४) कुनै व्यक्तिले निर्वाचन क्षेत्रको नामावलीमा एक पटकभन्दा बढी आफ्नो नाम दर्ता गराउन पाउनेछैन।

५. नामावली तयार गर्ने सूचना:- नामावली तयार गर्ने काम शुरु हुनु अगावै नामावली रजिष्ट्रेशन अफिसरले निर्वाचन आयोगको आदेश अनुसार निर्वाचनको लागि नामावली तयार हुन लागेको सूचना प्रकाश गर्नेछ।

६. परिवारको जानिफकारले जवाफ दिनुपर्ने- हरेक परिवारको जानिफकारले नामावली रजिष्ट्रेशन अफिसरले नामावली तयार गर्नको निमित्त सोधेका कुराहरुको आफूले जाने बुझेसम्मको जवाफ दिनुपर्दछ।

७. नामावलीको पहिलो प्रकाशन:-(१) नामावली रजिष्ट्रेशन अफिसरले नामावलीको पहिलो प्रकाशन निर्वाचन आयोगले आदेशद्वारा तोकेको रीत बमोजिम सो आयोगले तोकेको ठाउँहरुमा गर्नेछन्।

230

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[२] नामावलीको पहिलो प्रकाशन गर्दा नामावली रजिष्ट्रेशन अफिसरले फाराम नं १ भरी सो फाराम सर्वसाधारणले थाहा पाउन सक्ने ठाउँहरुमा प्रकाशित गर्नछन् ।

(३) नामावली रजिष्ट्रेशन अफिसरले आफू खटिएको निर्वाचन क्षेत्रको नामावलीको छुट्टा छुट्टै भाग गरी हरेक भाग सर्वसाधारणले सके-सम्म थाहा पाउन सक्ने सम्बन्धित स्थानमा फाराम नं. १ भरी सो फा-राम सहित प्रकाशित गर्नेछन् ।

८. <u>दावी र विरोधपत्रः-</u> (१) नामावली दर्ता गर्न छुटेको नाम दर्ता गराउन वा दर्ता भएको नाम वा कुनै बेहोरा बारे विरोध गरी नाम कटाउन वा कुनै दर्ता सच्याई माग्नेले नियम ७ बमोजिम प्रकाशन भएको मितिले तीस दिन-भित्र आफ्नो दावी वा विरोधपत्र पेश गर्नु पर्दछ ।

तर नामावलीमा नाम दर्ता नभएको कुनै व्यक्तिले नामावलीबाट कसैको नाम कटाउने वा दर्ता भएको कुनै बेहोरा सच्याउने विरोधपत्र पेश गर्न पाउने छैन ।

(२) कुनै निर्वाचन क्षेत्र वा कुनै निर्वाचन क्षेत्रको कुनै भागको निमित्त उप-नियम (१) मा तोकिएको अवधि पर्याप्त छैन भन्ने लागेमा निर्वाचन आयोगले सो अवधिलाई अरू पन्ध्र दिनसम्म पर सार्न सक्नेछ ।

९. <u>नामावली दोहर्याउने अफिसरः-</u> नियम ८ बमोजिम पेश हुने भएको दावीपत्र वा विरोधपत्रको निर्णय निर्वाचन आयोगले सरकारी कर्मचारी मध्येबाट खटाएका नामावली दोहर्याउने अफिसरहरुले गर्नेछन्, त्यस्तो अफिसर मनोनीत गर्दा साधारणतः नामावली रजिष्ट्रेशन अफिसरलाई मनोनीत गर्न हुँदैन ।

१०. <u>दावी वा विरोधपत्र पेश गर्ने तरीकाः-</u> (१) दावी पत्र पेश गर्दा फाराम नं २ र विरोधपत्र पेश गर्दा फाराम नं. ३ प्रयोग गर्नु पर्छ ।

(२) दावीपत्र वा विरोधपत्र फाराम नं १ मा तोकिएका नामावली दोहर्याउने अफिसरलाई लेखी निजैलाई अथवा नामावली रजिष्ट्रेशन अफिसर वा त्यस सम्बन्धमा निर्वाचन आयोगले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेको अफिसरमार्फत दिनुपर्छ । रजिष्टरी गरी हुलाकद्वारा पठाए पनि हुन्छ ।

(३) नामावलीमा नाम दर्ता गराई माग्नेले दावी पत्रमा सहिछाप गरी आफैं वा आफ्नो वारिसद्वारा पेश गर्नु पर्छ । हुलाक द्वारा रजिष्ट्री गरी पठाए पनि हुन्छ ।

२९१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) नामावलीमा दर्ता भएको कसैको नाम कटाउन वा दर्ता भएको कुनै बेहोरा बच्याउन पेश भएको विरोधपत्रमा यस्ता व्यक्तिको बारेमा नामावलीमा दर्ता भएको सबै बेहोरा खुलाई लेख्नुपर्छ।

(५) एक निर्वाचन क्षेत्रको नामावलीबाट अर्का निर्वाचन क्षेत्रको नामावलीमा नाम सारी गराई माग्नेले नाम दर्ता भएको निर्वाचन क्षेत्रमा नाम कटाउन विरोधपत्र पेश गर्नु पर्छ र त्यसपछि नाम दर्ता गराउन चाहेको निर्वाचन क्षेत्रमा दाबीपत्र पेश गर्नु पर्छ।

११. बेरीतका दाबी वा विरोधपत्र उपर कारवाई नहुने:- यो नियमावलीमा तोकिएको समयभित्र तोकिएको तरीकाले पेश नभएको दाबी वा विरोधपत्र उपर कुनै कारवाई गरिनेछैन।

१२. दाबी वा विरोधपत्रको दर्ता किताव खडा गर्ने:- नामावली दोहऱ्याउने अफिसर, नामावली रजिष्ट्रेशन अफिसर र नियम १० (२) बमोजिम दाबी वा विरोधपत्र लिने अफिसरले दाबीपत्र र विरोधपत्रको छुट्टा छुट्टै दर्ता किताब खडा गरी राख्नुपर्छ।

१३. दाबी र विरोध बारे सूचना:- नियम ११ बमोजिम कारवाई नगरिने बाहेकका दाबीपत्र वा विरोधपत्रमा निर्णय गर्नु अगावै नामावली दोहोऱ्याउने अफिसरले दाबीपत्रको हकमा दाबी गर्ने व्यक्ति वा निजको वारेसलाई फाराम नं. २ को भाग २ भरी सूचना दिने छन् र विरोधपत्रको हकमा विरोध गर्ने व्यक्ति वा निजको वारेसलाई फाराम नं. ३ को भाग २ भरी र जसको विरुद्ध विरोध गरिएको छ, सो व्यक्ति वा निजको वारेसलाई फाराम नं. ३ को भाग ३ भरी सूचना दिनेछन्।

तर दाबीपत्रको बेहोरा सांचो हो र अरू सोधपूछ गरिरहनुपर्दैन भन्ने ठहऱ्याएमा नामावली दोहोऱ्याउने अफिसरले बिना सूचना पनि दाबीपत्र मंजूर गर्न सक्नेछन्।

१४. सूचना तामेल गर्ने तरीका:- कुनै व्यक्तिलाई नियम १३ बमोजिमका सूचना तामेल गर्नु पर्दा सो सूचना निजको हातमा बुझाई वा हुलाकद्वारा पठाई वा निजको घर दैलोमा टाँस गरी तामेल गर्नु पर्छ, घर दैलामा टाँसेकोमा सो टाँसेको बेहोरा सांचो हो भन्ने बेहोरामा सरजमिनका दुइजना व्यक्तिहरूको सहिछाप परेको हुनुपर्छ।

२३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. <u>दाबी वा विरोधपत्रको निर्णयः-</u> (१) कुनै दाबी वा विरोधपत्रको किनारा लगाउँदा नामावली दोहर्‍याउने अफिसरले सो विषयमा ठाउँ बुझी निर्णय दिनेछ र यस सम्बन्धमा नामावली दोहर्‍याउने अफिसरको निर्णय अन्तिम हुनेछ। यस्ता सबै निर्णयको सूचना नामावली दोहर्‍याउने अफिसरले नामावली रजिष्ट्रेसन अफिसरलाई दिनेछ र निजले सोही मुताबिक नामावलीको संशोधन गर्नेछन्।

(२) नामावली दोहर्‍याउने अफिसरले नामावलीमा कतै कुनै लेखाई वा छपाईको भूल देखेमा सो सच्याउन नामावली रजिष्ट्रेशन अफिसरलाई सूचित गर्न सक्नेछन्।

१६. <u>दर्ता भएको नाम वा अरू बेहोरा सच्याउनेः-</u> नामावलीमा दर्ता भएको आफ्नु नाम वा अरू कुनै बेहोरा सच्याउन चाहनेले नियम ७ बमोजिम नामावलीको पहिलो प्रकाशन भएको मितिले ३० दिनभित्र नामावली रजिष्ट्रेशन अफिसरकहाँ दरखास्त पेश गर्नु पर्दछ। यस्तो दरखास्त पेश भएमा आवश्यक कुरा बुझी नामावली रजिष्ट्रेशन अफिसरले नामावलीमा सो दर्ता भएको नाम वा अरू बेहोरा सच्याउन सक्नेछन्।

१७. <u>लेखाई छपाईको भूल सच्याउनेः-</u> नामावली रजिष्ट्रेशन अफिसर आफले नामावलीमा कतै कुनै लेखाई छपाईको भूल देखेमा सो भूल सच्याउन सक्नेछन्।

१८. <u>नामावलीको अन्तिम प्रकाशनः-</u> नियम १५,१६ वा १७ बमोजिम सच्याएको नामावली निर्वाचन आयोगले आदेशद्वारा तोकेको रीत मुताबिक सो आयोगले तोकेको ठाउँहरूमा नामावली रजिष्ट्रेशन अफिसरले अन्तिम रूपले प्रकाशित गर्नेछन्। यसरी अन्तिम रूपले प्रकाशित गर्दा नामावली रजिष्ट्रेशन अफिसरले फाराम नं. ४ भरी सो फाराम सर्वसाधारणले देख्न सक्ने ठाउँहरूमा प्रकाशित गर्नु पर्दछ र यो नामावली अन्तिम नामावली मानिनेछ।

१९. <u>नामावलीको अन्तिम प्रकाशन भएपछि पनि नामावलीमा नाम दर्ता गर्नेः-</u>
[१] नामावलीको अन्तिम प्रकाशन भईसकेपछि पनि ऐनको दफा १५ अनुसार श्री ५ महाराजाधिराजबाट निर्वाचन गर्ने घोषणा गरिबक्सेको मितिदेखि ऐनको दफा २३ अनुसार नोमिनेशनपत्र पेश गर्ने आखिरी मितिको ७ दिन अघि सम्ममा नामावलीमा आफ्नो नाउँ दर्ता भई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नसकेको, ऐन बमोजिम मत दिने योग्य व्यक्तिले रु. २५। दस्तुर दाखिल गरी २ नं. फाराम [भाग १] बमोजिमको दाबीपत्र नामावली रजिष्ट्रेशन अफिसरकहाँ पेश गर्न सक्नेछ ।

[२] नामावली रजिष्ट्रेशन अफिसरले सो दाबापत्र आफ्नु अफिसमा सर्वसाधारणले देख्ने ठाउँमा प्रकाशित गर्नुपर्छ र सो प्रकाशित भएको मितिले ३ दिनसम्ममा जो सुकैले पनि उजूरी दिन सक्नेछ ।

[३] नामावली रजिष्ट्रेशन अफिसरले पेश भएको उजुरीमा समेत विचार गरी आफ्नो अन्तिम निर्णय दिन सक्नेछ र सो निर्णयअनुसार नामावलीमा सो व्यक्तिको नाउं दर्ता गर्न सक्नेछ ।

२०. <u>हरेक वर्ष नामावली संशोधन गर्न</u>:- [१] यो नियमावली बमोजिम तयार भएको हरेक निर्वाचनक्षेत्रको नामावली, हरेक वर्ष ऐनको दफा ८ [२] बमोजिम तोकिएको मतदान दिन योग्य हुने मिति अनुसार यसै नियमावली बमोजिम संशोधन गर्नुपर्दछ ।

[२] कुनै कारणले कुनै वर्ष उपनियम [१] अनुसार नामावली संशोधन गर्न नसकिएमा अघिल्लो नामावली नै सो वर्ष पनि लागू रहनेछ ।

२१. <u>नामावलीको संरक्षण</u>:- हरेक निर्वाचनक्षेत्रको नामावलीको कमसेकम १ प्रति र नामावली दोहर्‍याउने अफिसर र नामावली रजिष्ट्रेशन अफिसरकहाँ रहेका निर्वाचनसम्बन्धी सबै कागजपत्रहरु निर्वाचन आयोगले निर्देश गरेको अड्डामा बुझाउनुपर्दछ । यस्ता कागजपत्रहरु निर्वाचन आयोगले अर्कै आदेश दिएकोमा बाहेक अर्को नामावली अन्तिम रूपले तयार नभएसम्म सुरक्षित राख्नुपर्छ ।

२२. <u>निर्वाचन सम्बन्धी कागजपत्रहरु हेर्न पाउने</u> :— हरेक व्यक्तिले नियम २१ मा लेखिएको कागजपत्रहरु हेर्न र निर्वाचन आयोगले तोकेको दस्तूर तिरी त्यसको रीतपूर्वकको नक्कल लिन पाउनेछ ।

258

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## फाराम नं. १

**मतदाताहरुको नामावलीको पहिलो प्रकाशन भएको सूचना**

... ... जिल्ला ... ... निर्वाचन क्षेत्र .....

प्रगन्ना, थुम, दरा, गर्खा... ... ... गाउँ, टोलको मतदाताहरुको नामावली सर्वसाधारणको सूचनाको लागी ठाउँहरुमा प्रकाशित गरिएको छ। यस नामावलीमा बसैको कुनै किसिमको दावी वा विरोध भए त्यस्तो व्यक्तिले जन-प्रतिनिधित्व नियमावली, २०१५ बमोजिम [ फलाना ] नामावली दोहोर्याउने अफिसर छेउ मिति भित्र दावीपत्र वा विरोधपत्र पेश गर्न सक्नेछन्।

ठेगाना... ... सहि ........

मिति .. ... नामावली रजिष्ट्रेशन अफिसर

## फाराम नं. २

**भाग १—मतदाताको नामावलीमा नाउँ दर्ता गराइमाग्ने दावीपत्र**

| दरखास्तवालाले भनु पर्ने | अड्डाले भनु पर्ने |
| --- | --- |
| १. निर्वाचन क्षेत्र...... | दावीपत्र नं ...... |
| २. जिल्ला ... ... ... | दाखिला मिति...... |
| प्रगन्ना गाउँ | |
| ३. थुम, दरा, गर्खा... ... टोल ... घर नं | सुनवाई इत्यादि हुने |
| ४. दरखास्तवालाको नाउ ...... | मिति। |
| | नामावली दोहर्याउने |
| | अफिसर वा |
| | नामावली रजिष्ट्रेशन |
| | अफिसरको निर्णय। |
| ५. दरखास्तवालाको बाबु वा पतिको नाउँ ... | |
| ६. दरखास्तवालाको दावीको बेहोरा ... ... | |
| (क) म नेपालको नागरिक हुँ | |
| (ख) मेरो उमेर २०१५ साल वैशाख १ गते | |
| वर्ष पुगेको थियो। | |

२९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) जनप्रतिनिधित्व ऐन, २०१५ बमोजिम म आगामी आम निर्वाचनमा मत दिन नपाउने अरू कुनै अयोग्यता मउपर लागू भएको छैन ।

(घ) मेरो नाउं कुनै अर्को नामावलीमा दर्ता भएको छैन र दर्ता गराउन दरखास्त पनि दिएको छैन ।

(ङ) मैले माथि साँचो बेहोरा लेखेको छु, झुट्टा ठहरे नेपाल कानूनबमोजिम सहनेछु, बुझाउनेछु । त्यस कारण; ये निर्वाचन क्षेत्रको नामावलीमा मेरो नाउँ दर्ता गराई पाउं ।

दरखास्तवालाको सहिछाप ... ...

ठेगाना ... ...

ये दावीपत्र मेरो तर्फबाट पेश गर्न लाई आफ्नो वारेस मुकरर गरेको छु ।

दरखास्तवालाको सहिछाप

वारेसको सहिछाप

वारेसको ठेगाना

## भाग—२ सूचना

[दरखास्तवालाले भर्नु पर्ने]

दावी गर्न व्यक्तिको नाउँ

दावी गर्न व्यक्तिको बाबु वा पतिको नाउँ

दावी गर्ने व्यक्तिको पूरा ठेगाना

---

[नामावली दोहर्‍याउने अड्डाले भर्ने]

तपाईंले ... ... ... निर्वाचन क्षेत्रको मतदाताको नामावलीमा आफ्नो नाउँ दर्ता गराउन दिनुभएको दावीपत्र नं ... बारे ... ठाउंमा ... साल महीना ... गते ... बजे सुनवाई हुनेछ । आफ्नु भएको सबूद प्रमाण लिई सुनवाई हुने दिन हाजिर हुनुहोला ।

ठेगाना ... ..

सहि ... ...

मिति ... ..

नामावली दोहर्‍याउने अफिसर

---

१३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## भाग २—सूचना

[दरखास्तवालाले भनु पर्ने]

दाबी गर्ने व्यक्तिको नाउँ . . . . . .

दाबी गर्ने व्यक्तिको बाबु वा पतिको नाउँ . . .

दाबी गर्ने व्यक्तिको पूरा ठेगाना . . . .

---

[नामावली दोहर्‍याउने अड्डाले भनु पर्ने]

तपाईंले . . . निर्वाचन क्षेत्रको मतदाताको नामावली आफ्नो नाउँ दर्ता गराइन दिनुभएको दाबीपत्र नं. . . . बारे . . . ठाउँमा . . साल महीना गते . . बजे सुनवाई हुनेछ। आफ्नु भएको सबद प्रमाण लिई सुनवाई हुने दिन हाजिर हुनुहोला।

ठेगाना . . . . सहि . . . . .

मिति . . . . नामावली दोहर्‍याउने अफिसर

---

सूचना बुझिलिनेको सहिछाप . . . . . मिति . .

## फाराम नं. ३

### भाग १—मतदाताको नामावलीबाट नाउँ वा दर्ता भएको कुनै बेहोरा कटाई वा सच्याई माग्ने बिरोधपत्र

| दर्खास्तवालाले भर्नुपर्ने | नामावली दोहर्‍याउने अड्डाले भनुपर्न |
|---|---|
| १- निर्वाचन क्षेत्र . . . | बिरोधपत्र नं. |
| २. जिल्ला . . . | दाखिला . . . |
| ३- बिरोध गरिएको व्यक्तिको नाउँ . . . | मिति . . . |
| ४. बिरोध गरिएको व्यक्तिको ठेगाना | सुनवाई इत्यादि हुने |
| नगर गाउँ घर नं. . . . | नामावली दोहर्‍याउने |
| थुम, दरा, गर्खा, टोल | अफिसरको निर्णय |
| ५. बिरोध गरिएको व्यक्तिको नामावलीको | |
| क्रमसंख्या | |

256

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग‍ु हुनेछ।

६. विरोध गरिएको व्यक्तिको बाबु वा पतिको नाउं ।
७. विरोध गरिएको व्यक्तिको उमेर ।
८. दर्खास्तवालाको नाउं ।
९. दर्खास्तवालाको बाबु वा पतिको नाउं ।
१०. दर्खास्तवालाको नामावलीको क्रमसंख्या ।
११. विरोध गर्नाको कारण:— ।

(क) ... ... ।
(ख) ... ... ।
(ग) .... .... ।
(घ) .... ... ।

मैले माथि साँचो बेहोरा लेखेकोछु र झुट्टा ठहरे ।
नेपाल कानूनबमोजिम सहनेछु, बुझाउने छु । ।
त्यसकारण नामावलीबाट विरोध गरिएको व्यक्तिको ।
नाउ वा दर्ता भएको .... बेहोरा कटाई वा सच्याई पाउं । मिति .....
दर्खास्तवालाको सहिछाप । सहि .....
ठेगाना । नामावली दोहराउने
यो विरोधपत्र मेरो तर्फबाट पेश गर्न .... .... ... । अफिसर
लाई आफ्नो वारेस मुकरर गरेको छु ।
दरखास्तवालाको सहिछाप .... ।
वारेसको सहिछाप .... ।
वारेसको ठेगाना .....

## भाग २— विरोध गर्ने व्यक्तिलाई दिने सूचना

(दरखास्तवालाले भर्नुपर्ने)

विरोध गर्ने व्यक्तिको नाउँ .... ...
विरोध गर्ने व्यक्तिको बाबु वा पतिको नाउँ ... ... ...
विरोध गर्नेको ठेगाना ... ... ... ...

(नामावली दोहऱ्याउने अड्डाले भर्नुपर्ने)

तपाइले ... ... निर्वाचन क्षेत्रको मतदाताको नामावलीमा दर्ता भएको ... ... को नाउँ वा ... ... को ..., बेहोराबारे, विरोध गरी

२६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिनुभएको विरोधपत्र नं. ... बारे ... ... ठाउँमा ... साल महीना ... गते ... बजे सुनवाई हुनेछ। आफ्नु भएको सबूद प्रमाण लिई सुनवाई हुने दिन हाजिर हुनुहोला।

ठेगाना ... ... ... सही .......

मिति ........ नामावली दोहऱ्याउने अफिसर

---

नक्कल **भाग २—विरोध गर्ने व्यक्तिलाई दिने सूचना**

( दरखास्तवालाले भर्नुपर्ने )

विरोध गर्ने व्यक्तिको नाउँ .......

विरोध गर्ने व्यक्तिको बाबु वा पतिको नाउँ .......

विरोध गर्ने व्यक्तिको ठेगाना .......

---

तपाइले ... निर्वाचन क्षेत्रको मतदाताको नामावलीमा दर्ता भएको ... को नाउँ वा ... को ... बेहोरा बारे विरोध गरी दिनुभएको विरोध-पत्र नं. ..... बारे ..... ठाउँमा ... साल महीना ... गते .... बजे सुनवाई हुनेछ। आफ्नु भएको सबूद प्रमाण लिई सुनवाई हुने दिन हाजिर हुनुहोला।

ठेगाना ....... सही ........

नामावली दोहऱ्याउने अफिसर

मिति ........

सूचना बुझिलिनेको सहिछाप ... मिति .....

**भाग ३ विरोध गरिएको व्यक्तिलाई दिने सूचना**

(दरखास्तवालाले भर्नुपर्ने)

विरोध गरिएको व्यक्तिको नाउँ ... .....

विरोध गरिएको व्यक्तिको बाबु वा पतिको नाउँ ...

विरोध गरिएको व्यक्तिको ठेगाना ... ...

---

(नामावली दोहऱ्याउनेअड्डाले भर्नुपर्ने)

... निर्वाचन क्षेत्रको ... को मतदाताको नामावलीमा दर्ता भएको तपाई नाउँ वा तपाईको ... बेहोरा बारे ... वस्ने ... को छोरा

299

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पत्नी ... ले विरोध गरी दिनुभएको विरोधपत्र नं. ... बारे ... ठाउँमा ... साल ... महीना ... गते ... बजे सुनवाई हुनेछ। आफ्नु भएको सबूद प्रमाण लिई सुनवाई हुने दिन हाजिर हुनुहोला।

ठेगाना ... सहि ...

मिति ... नामावली दोहऱ्याउने अफिसर ...

## भाग ३— विरोध गरिएको व्यक्तिलाई दिने सूचना

(दरखास्तवालाले भनु पर्ने)

विरोध गरिएको व्यक्तिको नाउँ ... ...

विरोध गरिएको व्यक्तिको बाबु वा पतिको नाउँ ... ...

विरोध गरिएको व्यक्तिको ठेगाना ... ...

(नामावली दोहऱ्याउने अड्डाले भनु पर्ने)

... निर्वाचन क्षेत्रको ... को मतदाताको नामावलीमा दर्ता भएको तपाईको नाउँ वा तपाईको ... बेहोरा बारे ... बस्ने ... को छोरा पत्नी ... ... ले विरोध गरीदिनुभएको विरोधपत्र नं. ... बारे ... ठाउँमा ... साल ... महीना ... गते ... बजे सुनवाई हुनेछ। आफ्नु भएको सबूद प्रमाण लिई सुनवाई हुने दिन हाजिर हुनुहोला।

ठेगाना ... सही ...

मिति ... नामावली दोहऱ्याउने अफिसर ...

मिति ...

सूचना बुझिलिनेको सहिछाप ...

### फाराम नं. ४

## मतदाताहरूको नामावलीको अन्तिम प्रकाशन भएको सूचना

... जिल्ला ... निर्वाचनक्षेत्र ... प्रगन्ना, थुम, दरा, गर्खा, ... गाउँ, टोलको मतदाताहरूको नामावली नेपाल जनप्रतिनिधित्व नियमावली, २०१५ अनुसार संशोधन गरी अन्तिम तवरले तैयार भएको हुनाले सर्वसाधा-

३०० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रणको सूचनाको लागि यो नामावलीको अन्तिम प्रकाशन ... ठाउँहरुमा गरिएको छ ।

ठेगाना ... ...
मिति ... ...

सहि ...
नामावली रजिष्ट्रेशन अफिसर"

आज्ञाले—
नयनबहादुर खत्री क्षेत्री,
सचिव—कानून तथा संसदीय प्रबन्ध मन्त्रालय,

गोरखापत्र छापाखानामा मुद्रित ।

309

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

202

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।